# मध्यपश्चिम विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्या:
चलानी नं.:


मिति: २०७९/०८/०९

### मौका परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने मौका परीक्षाको परीक्षा फाराम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको शिक्षण संस्थामा आफ्नो परीक्षा फाराम भरी बुझाउनुहोला । परीक्षा फाराम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फाराम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| ह्युमानिटिज एण्ड सोसल साइन्सेज | स्नातक | BA | आठौं |
| मेनेजमेन्ट | स्नातक | BBS/BBA | आठौं |
| एडुकेशन | स्नातक | B.Ed. | आठौं |
| साइन्स एण्ड टेक्नोलोजी | स्नातक | B.Sc., BSc. CSIT | आठौं |

**पुनश्च:**

१) सन २०१७ मा स्नातक तह भर्ना भई आठौं सेमेस्टरको परीक्षामा एकपटक मात्र सहभागी परीक्षार्थीहरुले परीक्षा फाराम भर्न सक्नेछन् । तर, मध्यपश्चिम विश्वविद्यालय, विद्यार्थी रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ को परिच्छेद ६, बुँदा नं. ३६ वमोजिमका विद्यार्थीहरुले मौका परीक्षा फारम भर्न सक्नेछैनन् ।

२) तोकिएको सेमेस्टरमा कम्तिमा दुई विषय उत्तीर्ण भएका विद्यार्थीहरुले मात्र बाँकी रहेका विषयहरुका लागि मौका परीक्षा दिन पाउनेछन् ।

३) परीक्षा फाराम मिति २०७९ मंसिर ०९ गते देखि २०७९ मंसिर १८ गते सम्म नियमित शुल्क र २०७९ मंसिर १९ गते देखि २०७९ मंसिर २३ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।

४) सम्बन्धित शिक्षण संस्थाले मिति २०७९ मंसिर २५ गते दिउसो ४:०० बजे सम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

५) परीक्षा फाराम पठाउदा Online Exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा आफू अध्ययन गर्ने शिक्षण संस्था प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिनेछ ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

2065/08/09

नरेन्द्र प्रकाश सावद
परीक्षा व्यवस्थापन प्रमुख

परीक्षा व्यवस्थापन प्रमुख


फोन नं.: +९७७-८३-५२३७९२ इमेल: info@muexam.edu.np वेभसाइट: www.muexam.edu.np